# मिक्लाजुङ गाउँपालिका, मोरङ

# स्थानीय राजपत्र

खण्ड २०७९ संख्याः ११ मितिः २०७९/०७/१७

## भाग-२

## मिक्लाजुङ गाउँपालिका
## निर्माण व्यवसायी ईजाजतपत्र व्यवस्थापन कार्यविधि, २०७५

# मिक्लाजुङ गाउँपालिका

## निर्माण व्यवसायी ईजाजतपत्र व्यवस्थापन कार्यविधि, २०७५

***पहिलो संसोधन : २०७९।०७।१७***

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको ब्यवस्थापन गर्न बाञ्छनिय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (१०) ले दिएको अधिकार प्रयोग गरी निमार्ण व्यवसायी ईजाजतपत्र ब्यवस्थापन कार्यविधि २०७५ मिक्लाजुङ गाउँकार्यपालिकाले जारी गरेको छ ।

परिच्छेद १

प्रारंभिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम मिक्लाजुङ गाउँपालिका निमार्ण ब्यवसायि ईजाजतपत्र ब्यवस्थापन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) “कार्यविधि” भन्नाले निमार्ण ब्यवसायि ईजाजतपत्र ब्यवस्थापन कार्यविधि, २०७५ लाई जनाउनेछ ।

(२) “ईजाजत पत्र” भन्नाले मिक्लाजुङ गाउँकार्यपालिकाले जारी गरेको घ बर्गको निर्माण व्यवसायि ईजाजत पत्रलाई जनाउनेछ ।

(३) “समिति” भन्नाले दफा (४) अनुसार गठित सिफारिस समितिलाई जनाउनेछ ।

(४) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले मिक्लाजुङ गाउँकार्यपालिका कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउनेछ ।

(५) “साबिक मिक्लाजुङ गाउँपालिका” भन्नाले २०७३ साल फाल्गुण २७ गते गठन भएको मिक्लाजुङ गाउँपालिकाको सम्पुर्ण भुभागलाई जनाउने छ ।

**(३) निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न नयाँ ईजाजत पत्रको लागि मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकिय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा दफा (४) बमोजिमको समितिबाट जाँचबुझ गरी सिफारिस गर्नु पर्नेछ ।

(३) दफा (४) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले नयाँ ईजाजत पत्रको निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

(४) दफा (४) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको नयाँ ईजाजत पत्र कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नयाँ ईजाजत पत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा ईजाजत पत्र प्रदान गर्नेछ ।

(५) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधिको उपदफा (४) बमोजिम ईजाजत पत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजानिक निर्माण कार्य गर्न गराउन पाइने छैन ।

*(६) यो कार्यविधि लागू हुनु पूर्व साविकमा अन्य निकायमा दर्ता भई यस गाउँपालिकामा हस्तान्तरण भई आएका निर्माण व्यवसायी फर्म/ कम्पनीहरुले यो कार्यविधि संशोधन भएको मितिले ३ महिना भित्र यस कार्यविधिको अनुसूचि ५ बमोजिमको आवश्यक योग्यता पुरा भए नभएको विवरण यस कार्यालयमा जानकारी दिनु पर्नेछ“ ।

**(४) सिफारिस समिति सम्बन्धी व्यवस्था** : (१) दफा ३ को उपदफा (२) बमोजिम निर्माण व्यवसायी नयाँ ईजाजत पत्र प्रदान गर्ने प्रयोजनको लागि तपशिल बमोजिमको एक सिफारिस समिति हुनेछ ।

(क) सामान्य प्रशासन शाखा प्रमुख संयोजक

(ख) शहरि पूर्वाधार विकास शाखाको ईन्जिनियर सदस्य

---

* यो कार्यविधि लागू हुनु पूर्व साविकमा अन्य निकायमा दर्ता भई यस

(ग) शहरि पूर्वाधार विकास शाखाको जेष्ठ सब ईन्जिनियर सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको गठित सिफारिस समितिले अनुसूचि ५ अनुसार विवरण चेकजाँच गरी सिफारिस गर्नु पर्नेछ ।

(३) समितिको वैठक सम्बन्धी व्यवस्था समिति स्वयं आफैले निर्धारण गरे अनुसार हुनेछ ।

**(५) इजाजतपत्रको अवधि र नवीकरण** : (१) दफा (३) को उपदफा (४) बमोजिम प्रदान गरिएको इजाजतपत्र तथा साबिक मिक्लाजुङ गाउँपालिका ठेगाना कायम गरी दर्ता भएका निर्माण व्यवसायि ईजाजत पत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक बर्षको मसान्त सम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीयकर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित गाउँ कार्यपालिकाको कार्यालायबाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ ।

(३) इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको ईजाजत पत्र नविकरण गर्न गाउँपालिकाको कार्यालय बाध्य हुनेछैन ।

(४) उपदफा (२) र (३) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकृया पुरा गरी ईजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई ईजाजतपत्र नवीकरण गरिनेछ ।

(५) उपदफा (४) को अवधि भित्र नविकरण नभएमा स्वत खारेज हुनेछ ।

**(६) ईजाजतपत्रको खारेजी:** (१)देहायको अबस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको ईजाजत पत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइनेछ ।

(३) दफा ५ बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ

(४) उपदफा (१) वा (३) बमोजिम खारेज भएको गाउँपालिकाकाको कार्यालयले सम्वन्धित ब्यक्ति, फर्म वा कम्पनी दर्ता गर्ने कार्यालयलाई जानकारी दिनेछ ।

**७) ईजाजतपत्रको प्रतिलिपी सम्वन्धि व्यवस्था :** (१) कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट ईजाजत पत्रको प्रतिलिी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिईनेछ ।

**८) नामसारी तथा ठाउँसारी सम्बन्धी व्यवस्था:** (१) साविक दर्ता भएका ईजाजत पत्र नामसारी गर्दा, उधोग वा कम्पनीको दर्ता गर्ने कार्यालयबाट नामसारी भएको प्रमाणपत्र तथा सम्बन्धित वडाको सिफारिस, सम्बन्धित व्यक्ति/प्रोपाईटरबाट बिक्री गरेको प्रमाण र लिनेदिनेको संयूक्त निवेदन सहित प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी अनुसूचि २ मा उल्लेखित भएको दस्तुर लिइ प्रमुख प्रशासकिय अधिकृतले नामसारी गर्न सकिनेछ ।

(३) ईजाजत प्राप्त निर्माण व्यवसायीहरुले साविक ईजाजत पत्र प्राप्त गरेको ठेगाना परिवर्तन गरी एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ठाउँसारी गर्न चाहेमा उद्योग वा कम्पनी दर्ता गर्ने कार्यालयबाट ठाउसारी भएको प्रमाण, ठेगाना सार्न चाहेको स्थानीय तह उल्लेख गरी साविक स्थानीय तहमा कर चुक्ता प्रमाण पत्र, वडाको सिफारिस सहित प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन उपर छानविन गरी प्रमुख प्रशासकिय अधिकृतले ठाउँसारी गर्ने अनुसूचि २ बमोजिमको दस्तुर लिई ठाउँसारीको सीफारीस गरी दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम ठाउँसारीको सिफारिस दिएपछि सो को लगत कट्टा समेत गरिनेछ ।

(६) कुनै स्थानीय तहमा दर्ता भई ठाउँसारीको लागि उद्योग वा कम्पनि दर्ता गर्ने कार्यालयबाट ठाउसारी गरेको प्रमाण, कर चुक्ताको प्रमाण र सम्बन्धित वार्डको सिफारीस सहित प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त निवेदन उपर छानविन गरी अनुसूचि २ बमोजिम ठाउँसारी वापतको उल्लेखित दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतले ठाउँसारीको निर्णय लिन सक्नेछ ।

(८) साविक दर्ता भएका ईजाजत पत्र नाम परिर्वतन गर्दा उद्योग वा कम्पनीको दर्ता गर्ने कार्यालयबाट नाम परिर्वतन भएको प्रमाणपत्र , सम्बन्धित वडाको सिफारिस, सम्बन्धित व्यक्ति/प्रोपाईटरबाट प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(९) उपदफा (८) बमोजिमको निवेदन उपर आवश्यक छानविन गरी अनुसूचि २ मा उल्लेखित नाम परिवर्तन सम्बन्धि शुल्क लिई प्रमुख प्रशासकिय अधिकृतद्धारा नाम परिवर्तन गर्न सकिनेछ ।

८) **प्रचलित कानून बमोजिम हुने : (१)** यस कार्यविधिमा लेखिए जति यसै कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९) **बचाउः (१)** यस अघि प्रचलित कानून बमोजिम साबिक मिक्लाजुङ गाउँपालिका ठेगाना कायम भई दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको ईजाजतपत्रहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची - १
कार्यविधि को दफा ३ को उपदफा (१) सँग सम्वन्धित
**ईजाजत पत्रको लागि दिईने दरखास्त**

विषय : नयाँ ईजाजत पत्र/ईजाजत पत्र नवीकरण गरि पाउँ भन्ने बारे ।

श्री ..............................
मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालय
मधुमल्ला , मोरङ

मिक्लाजुङ गाउँपालिकाको निमाण ब्यवसायि इृजाजतपत्र कार्यविधि २०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण सहित दरखास्त पेश गरेको छु/छौ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-
नाम :-...........................
ठेगाना :-.........................
पोष्ट बक्स :-....................
टेलिफोन नं..................... मोवाइल नं............................ ईमेल :-
..................................फ्याक्स नं.........................

२. फर्म वा कम्पनीको प्रकृति (कोष्ठमा रेजा लगाउनु पर्नेछ)

| प्राईभेट लिमिटेड कम्पनी | एकलौटी | पब्लिक लिमिटेड कम्पनी | साझेदारी |
|---|---|---|---|
| | | | |

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-
नाम :-...........................
ठेगाना :-.........................
पोष्ट बक्स :-....................
टेलिफोन नं..................... मोवाइल नं............................ ईमेल :-
..................................फ्याक्स नं.........................

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- ....................................दर्ता मिति :-................................

अधिकृत पूँजी :-रु.......................... जारी पूँजी :- रु...............................

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-..................................................

५. ईजाजतपत्र लिन चाहेको वर्ग :- (घ) वर्ग

६. समूहिकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| विवरण | रकम रु. | बैंक वा वित्तीय संस्थाको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-...........

(ख) अप्राविधिक :-..........

(ग) अन्य :-..................

*नोटः कर्मचारीको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्नेछ ।*

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | सवारी साधनको विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) आदीको मेशिनरी औजर चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।*

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धि कामको प्रकार | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालको नाम | कामको अवस्था प्रगति प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

(क).............

(ख)..............

(ग).............

माथिको बुदाँ नं. १० र ११ नयाँ ईजाजत पत्र लिदाँ आवश्यक हुनेछैन ।

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाँउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

मितिः-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्नग कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

# अनुसूची - २

## कार्यविधि को दफा ३ को उपदफा (४) र दफा ५ को उपदफा (२) र (४) सँग सम्वन्धित

| सि.नं. | निर्माण व्यवसायीको वर्ग | नयाँ ईजाजतपत्र दस्तुर | ईजाजतपत्र म्याद भित्र नवीकरण भएमा लाग्ने दस्तुर | म्याद नाघेपछि लाग्ने ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर | नामसारी , ठाउँसारी आउँदा, जाँदा | नाम परिर्वतन को हकमा लाग्ने दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | घ | ३०००० | ५००० | ३००० | ५००० | ५००० | ३००० |

**द्रष्टव्य :**

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ वमोजिमको दफा ५ को उपदफा (४) बमोजिम म्याद भित्र ईजाजतपत्र नवीकरण नगराएमा थप दस्तुर समेत तिर्नुपर्नेछ । यस अनुसुचीमा रहेको दस्तुर गाउँ कार्यपालिकाले निर्णय गरी परिमार्जन गर्न सक्नेछ ।

अनुसूची - ३

कार्यविधि को दफा ३ को उपदफा (४) सँग सम्वन्धित

मिक्लाजुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ

## घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र

**ईजाजत पत्र नं.......**

मितिः............

मिक्लाजुङ गाउँकार्यपालिकाको मिति ....................को निर्णय अनुसार "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा ३ को उपदफा (४) बमोजिम निर्माण व्यवसायी ........................................................................ स्थित कार्यालय भएको ........................................फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेको,-
प्रोपाईटरको नामः
दस्तखत :-
ठेगानाः
नाम :-
चालु पूँजीः रु..................
पद :-

मिति :-

## ईजाजत पत्रको नवीकरण विवरणः

फर्म/कम्पनीको नामः .......................................

प्रोपाईटरको नामः.....................................................ठेगाना..............................

| सि.नं. | नवीकरण गर्ने अधिकारीको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहने मिति | नविकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची -४

### दफा ५ को उपदफा (३) सँग सम्बन्धित

### निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजाकि निकायको विवरण | संयूक्त उपकमको नाम ( भएमा) | शेयर प्रतिशत | ठेक्का विवरण | सार्वजानिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण ( यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगतिको विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम | क) थप समय | Variation पछिको संझौता रकम | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम | |
| | | | | | ............ | .................. | ............. | ................. | .............. | .............. | |
| | | | | | ख) संझौता मिति | ख) पद | ख) नाम | ख) Variation को निर्णय गर्ने पदाधिकरीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | ............ | .................. | ............... | ................ | ........... | .................... | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ग) पद | ग) पद | ग) सम्पन्न प्रतिशत | ग) नाम | |
| | | | | | .................. | ................ | ............ | ............... | | .......... | |
| | | | | | | घ) छाप | घ) हस्ताक्षर | घ) हस्ताक्षर | घ) नाम | पद | |
| | | | | | | ................. | ............... | ............... | ........... | ............. | |
| | | | | | | | ड.) निर्माण मिति | ड.) छाप | पद | हस्ताक्षर | |
| | | | | | | | ................ | .............. | ............. | ............. | |
| | | | | | | | च) छाप | | हस्ताक्षर | छाप | |
| | | | | | | | ................ | | ............. | .............. | |
| | | | | | | | | | छाप | | |
| | | | | | | | | | .............. | | |

अनुसूची-५

दफा ३ को  उपदफा (२) सँग सम्बन्धित

## "घ" वर्गको निर्माण व्यवसायीको योग्यता विवरण

१. पूँजीः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँचलाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभाग वा कम्पनी रजिष्टारको कार्यलयमा दर्ता भएको हुनु पर्नेछ ।

२. जनशक्तिः मान्यता प्राप्त शिक्षण संस्थाबाट,

(क) सिभिल ईन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण प्राविधिक १ जना,

(ख) वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण लेखा सम्बन्धी काम गर्ने कर्मचारी १ जना,

(ग) माथि उल्लेखित (क) र (ख) बमोजिमको जनशक्तिको सेवा पूरा समय प्राप्त भएको शुनिश्चित हुनु पर्नेछ ।

**३. मेशीन र उपकरण :**

(क) ट्रिपर -एक थान

(ख) मिक्सर मेशिन - एक थान -

(ग) थेडोलाईट/लेबल मेशिन - एक सेट

(घ) वाटर पम्प - एक थान

(ङ) भाइब्रेटर - एक थान

(च) कम्प्यूटर प्रिन्टर -एक सेट

नोटः

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु र नयाँ खरिद भएकोमा मु.अ.कर विजक अनिवार्य पेश गर्नु पर्नेछ । ट्रिपरको हकमा कम्तीमा ५ वर्षको लागी भाडामा लिई सम्झौता भएको भए पनि मान्न सकिने छ साथै अन्य मेसीन उपकरणहरु कम्पनीले नै खरिद गरेको हुनुपर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु हाल ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।